बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभामा मिति २०७९ साल असार १० गते गाउँपालिका उपाध्यक्ष श्री बिन्दु रावलज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य


बान्नीगढी जयगढ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

# बान्नीगढी जयगढ गाउँपालिकाका उपाध्यक्ष श्री बिन्दु रावलज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

**सम्मानित सभाका सभाअध्यक्ष ज्यू,**

यस बान्नीगढी जयगढ गाउँपालिकाको सम्मानीत गरिमामय गाउँ सभाका सभाध्यक्ष ज्यू, यस सभामा उपस्थित गाउँसभाका सदस्य ज्यूहरू, सम्पूर्ण कर्मचारी ज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा सर्वप्रथम म न्यानो अभिवादन व्यक्त गर्दछु ।

आज हामी यस सम्मानीत गाउँसभामा बान्नीगढी जयगढ गाउँपालिकाको आगामी आर्थिक वर्षको भाग्य र भविष्यको मार्गचित्र कोर्नका लागि यहाँ उपस्थित भएका छौं । नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना मध्येको एक स्थानीय तहको रुपमा रहेको यस बान्नीगढी जयगढ गाउँपालिकाको सम्मानित गाउँसभा समक्ष पहिलो बजेट प्रस्तुत गर्न पाउँदा मैले धेरै गौरवको अनुभूति गरेको छुँ ।

यस अवसरमा लोकतान्त्रिक इतिहासका विभिन्न कालखण्डहरु मातृभूमीको रक्षा र लोकतन्त्र स्थापनाका लागि बलादानीपूर्ण संघर्ष गर्ने महान ज्ञात/अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रदान्जली व्यक्त गर्न चाहन्छु ।

अव हामीलाई कुनै पनि बहानामा आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, अनियमितता नियन्त्रण, सुशासन प्रवर्दनमा विलम्ब गर्ने छुट छैन । त्यसैले **"समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने मूल मान्यतालाई आत्मसाथ गरेर यो बजेट तर्जुमा गरेको छु ।

कोभिड-१९ को प्रभावबाट भएको आर्थिक, सामाजिक क्षति एवं मनोवैज्ञानिक सनत्रासमा कमी आई जनजीवन सामान्य बन्दै गएको छ । यसलाई अवसरको रुपमा लिई आर्थिक तथा सामाजिक क्षेत्रलाई पुनः गतिशिल बनाउने तर्फ बजेटलाई परिलक्षित गरेको छु । स्थानीय सरकारको विद्यामान संरचना मानव संसाधन तथा उपलब्ध स्रोत साधनको समूचित परिचालन गरी नागरिकको विकासको चाहानालाई सम्बोधन गरी आर्थिक समृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

संघीयताको यस अभ्यासले हामीलाई धेरै अवसरहरू पनि दिएको छ । चुनौती र समस्याहरू पहिचान गरी समाधानको उपाय खोज्ने जिम्मेवारी अब हाम्रै काँध माथि रहेको छ । अब चुनौती र समस्याहरुको समाधान गर्नुको विकल्प छैन । अर्थपुर्ण खोज, विश्लेषण र रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस गाउँपालिकाको समृद्धि हाम्रै पालामा सम्भव रहेको छ । साथै जटिल भु-धरातल, कमजोर पुँजी तथा प्रविधिमैत्री तर अनुत्पादक जीवनशैली, गरिबी तथा पछयौटेपन जस्ता समस्याहरुका कारण विकासको यात्रालाई तीव्रता दिनु केही असहज भएको छ ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्र, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता हाम्रा महत्वपूर्ण उपलब्धिहरु संस्थागत हुँदै गइरहेका छन्। संविधानले अंगिकार गरेको तीन तहको शासकीय व्यवस्थाले सिहंदरवारको अधिकार गाउँ गाउँमा स्थापित भएको छ।

२०७४ साल असार १४ गते सम्पन्न पहिलो चरणको स्थानीय तहको निर्वाचनबाट यस बान्नीगढी जयगढ गाउँपालिकामा समेत स्थानीय सरकार स्थापित भएको थियो। विगतको सरकारले आफ्नो पाँच वर्षको कार्यकाल पुरा गरी सकेको छ। विगत वर्षहरुमा आवश्यक नीति नियम एवम् कानूनहरूको र अत्यावश्यक कर्मचारीहरुको अभावका साथै अन्य थुप्रै जटिलताका बीच पनि विगतको सरकारले आफ्ना गतिविधिहरु सफलतापूर्वक सञ्चालन गऱ्यो। यसलाई मैले यस बान्नीगढी जयगढ गाउँपालिकाको उपलब्धिको रुपमा लिएको छु।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

यस बजेट तथा कार्यक्रमहरुको तर्जुमाको क्रममा हामीले निश्चित प्रक्रियाहरू पुरा गरेका छौं।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, संघीय प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालीन खर्च संरचना, स्रोत साधन, विकासका अन्तरसबन्धित विषयहरू र नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू, दिगो विकास लक्ष्यहरुलाई आधार बनाएको छु। बजेट तर्जुमाको सिलसिलामा विषयगत शाखा, कार्यपालिका बैठक ,विभिन्न समितिहरु, राजश्व परामर्श समिति , विभिन्न राजनितीक दल , संघ संस्था एवंम विद्वत वर्ग लगायत सबैबाट प्राप्त सुझावलाई समेत ध्यान दिएको छु।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले कोभिड-१९ को प्रभावबाट भएको आर्थिक, सामाजिक क्षतिबाट जनजीवन सामान्य बन्दै गएको अवस्थामा आर्थिक र सामाजिक क्षेत्रलाई पुन गतिशिल बनाउने, बेरोजगारी र गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने, कृषि र पशुपालनमा नागरिकलाई आत्मनिर्भर बनाउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका दलित ज्येष्ठ नागरिक तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने र भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयहरूलाई प्राथमिकता दिएको व्यहोरा यस सम्मानित गाउँसभालाई अवगत गराउन चाहान्छु।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

समग्रमा यो बजेट तथा कार्यक्रम **"समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने सोचका साथ तर्जुमा गरिएको छ भने यसले यस गाउँपालिकाको सामाजिक, आर्थिक सुचकाङ्क उच्चतम तुल्याउँदै यस गाउँपालिकालाई नगरपालिकामा स्तरोन्नती गर्ने लक्ष्य लिएको छ ।

**यस बजेटको उदेश्यहरू निम्न बमोजिम रहेको व्यहोरा म यस सभालाई अवगत गराउन चाहन्छु ।**

१. कृषि, लघु उद्योग र सेवा क्षेत्रको आधुनीकिकरण, व्यावसायिककरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी दिगो आर्थिक बृद्धि हासिल गर्ने ।
२. सरकारी, नीजि, सहकारी क्षेत्रको सहकार्यमा लगानी तथा क्षमता अभिबृद्धि गरी रोजगारी र स्वरोजगारीको अवसर सृजना मार्फत गरिबी निबारणमा सहयोग गर्ने ।
३. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रविधिमैत्री, सेवाग्राहीमैत्री र सर्वसुलभ बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने ।
४. गाउँपालिकाबासीलाई स्वच्छ, पिउन योग्य तथा पर्याप्त खानेपानीको प्रत्याभूति गर्ने ।
५. महामारी र विपद्‌बाट सिथिल भएको आर्थिक तथा सामाजिक क्षेत्रलाई पुर्नस्थापित गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

नेपालमा योजनावद्ध विकासको शुरूवात भएको छ दशकभन्दा बढी भइसकेको छ । विगतमा योजनावद्ध विकासको फलस्वरुप विकासका विविध आयामहरूमा सकारात्मक परिवर्तनहरू आएका छन् । नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात गाउँमा आउने अनुदान रकम बृद्धि भएसंगै भौतिक पूर्वाधार विकास, सामाजिक विकास, मानव विकास र दिगो विकाससंग सम्बन्धित कार्यक्रमहरू स्थानीय निकायमा सञ्चालन गरिएका छन् । विगतको सरकारले यस गाउँपालिकामा आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा धेरै कार्यहरूको थालनी गरेको थियो । ती मध्ये धेरैजसो ठूला साना भौतिक पूर्वाधार विकासका कामहरू, प्रवर्द्धनात्मक कार्यक्रमहरू, तालिम तथा क्षमता विकासका कामहरू सम्पन्न भएका छन् भने केही कार्यहरू सम्पन्न हुन लागि रहेका छन् । यसका अतिरिक्त बर्तामान समयको आवश्यकता र अवस्थालाई परिलक्षित गरी नयाँ कार्यहरुको थालनी गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

अब म यहाँहरू समक्ष आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आयतर्फः**

१. आर्थिक वर्ष २०७९/०८० को लागि हामीले विभिन्न स्रोतहरूबाट जम्मा **रू. ३५ करोड २० लाख ९१ हजार** प्राप्त गरेका छौं । त्यस मध्ये **संघीय सरकारबाट हस्तान्तरित सर्शत अनुदान रु.१६**

**करोड ३५ लाख, वित्तिय समानिकरण अनुदान ८ करोड ८३ लाख** र **राजश्व बाँडफाँडबाट ७ करोड ३७ लाख ३ हजार** प्राप्त गरेका छौ ।

२. **सुदूरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरित वित्तय समानिकरण अनुदान** रु. **५८ लाख ५७ हजार**, **राजश्व बाँडफाँडबाट रु. १४ लाख ८१ हजार, समपुरक अनुदान ३७ लाख ५० हजार प्रदेश विशेष अनुदान रु.२५ लाख** र प्राप्त गरेका छौ ।

३. त्यसैगरी **आन्तरिक स्रोतबाट** प्राप्त हुने अनुमानित आम्दानी **रु. ३० लाख**, **संचित कोषमा रहने अनुमानित मौज्दात रु. १ करोड** गरी जम्मा **रू. ३५ करोड २० लाख ९१ हजार** लाई मैले तोकिएका सशर्त अनुदान अन्तर्गतका शिर्षकहरु, गाउँपालिका स्तरिय कार्यक्रमहरू, सबै वडाहरू र विषयगत क्षेत्रहरूका साथै लक्षित वर्गमा समानुपातिक र समावेशिताको सिद्धान्त अनुसार बाँडफाँड गरेको छु ।

**व्ययतर्फः**

१. कुल विनियोजित बजेट मध्ये कार्यालय संचालन र व्यवस्थापन तथा सेवा प्रवाहलाई सहज र गुणस्तरीय बनाउन प्रशासनिक खर्च तर्फ **रू. ८ करोड** विनियोजन गरेको छु ।

२. स्थानीय तहमा कार्यरत कर्मचारीहरु तथा गाउँपालिकाको आन्तरिक स्रोतबाट सेवासुविधा प्राप्त गर्ने करार कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक **रू. १ हजार ५ सय** उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु ।

३. गाउँपालिकामा सञ्चालित सबै बालविकास केन्द्रहरुमा कार्यरत बालविकास सहजकर्ताहरु र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई संघीय सरकारको वार्षिक बजेटमा उल्लेख भएबमोजिम मासिक **रु. ७ हजार** थप गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

४. गाउँपालिका स्तरीय गौरवका आयोजनाहरु मध्येको एक मुल प्रशासकीय भवन निर्माणका निम्ति **रू. १ करोड** विनियोजन गरेको छु ।

५. संघीय सरकार तथा प्रदेश सरकार सँग साझेदारी गरी निर्माण गरिने आयोजनामा समपुरक कोष तर्फ **रू. ८० लाख** विनियोजन गरेको छु ।

६. जयगढ बजारमा रहेको अस्तव्यस्त खानेपानीलाई मिटर प्रविधिसहित नियमित सुचारु गर्न छातासैन जयगढ बृहत खानेपानी आयोजनाका लागी **रू. ८० लाख** विनियोजन गरेको छु ।

७. गाउँपालिका स्तरमा सञ्चालन गरिने बृहत खालका आयोजना संघ तथा प्रदेश सरकारसंग समन्वय गरी माग गर्नका लागी यस गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना निर्माण गर्न सेवा तथा परामर्श तर्फ **रू.७० लाख** विनियोजन गरेको छु ।

८. गाउँपालिकाको व्याकुहोलोडर सवारी साधन खरिद गर्नका लागी **रू.५० लाख** विनियोजन गरेको छु ।

९. जयगढ बीच बजारमा निर्माणाधिन रहेको सरस्वती मन्दिर क्षेत्रमा रहेको सार्वजनिक मैदानलाई व्यवस्थापन तथा घेरा पर्खाल निर्माणका लागी **रू. २० लाख** विनियोजन गरेको छु ।

१०. दुर्गम क्षेत्रमा रहेर गुणस्तरीय तथा निशुल्क सेवा प्रदान गर्दै आईरहेको बयलपाटा अस्पतालका लागी सहयोग स्वरुप **रू. ५ लाख** विनियोजन गरेको छु ।

११. गाउँपालिका अन्तर्गतको १ नं. वडा कार्यालय, गाँज्राको नयाँ भवन निर्माणका लागी **रू. ३० लाख** विनियोजन गरेको छु ।

१२. गाउँपालिकामा नयाँ उद्यमी सृजना, स्तरोन्नति र तालिमको व्यवस्था उद्यम विकास तर्फ गर्न **रू.१० लाख** विनियोजन गरेको छु ।

१३. धुवाँमुक्त गाउँपालिका घोषणा गर्न बैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम अन्तर्गत सुधारिएको चुलो व्यवस्थापनका लागी **रू. १० लाख** विनियोजन गरेको छु ।

१४. अध्यक्ष युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै **रू. ३० लाख** विनियोजन गरेको छु ।

१५. गाउँपालिका स्तरीय सडकहरु सरसफाईका लागी र निर्माण भएका सडको स्तरोन्नितका लागी **रू. ३० लाख** विनियोजन गरेको छु ।

१६. त्यसैगरी टोल/बस्तीबाट आवश्यकता र औचित्यताको आधारमा आयोजनाहरुको प्राथमिकीकरण गरी सबै वर्ग क्षेत्र तथा समुदायलाई प्रतिनिधित्व हुने गरी वडा स्तरीय योजनाहरुका लागि **रू. १ करोड ४८ लाख** विनियोजन गरेको छु, जसबाट वडाहरुमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रहरू समेटिने विश्वास लिएको छु ।

१७. विभिन्न विषयगत क्षेत्रहरू स्वास्थ्य क्षेत्र , शिक्षा क्षेत्र, कृषि विकास, पशु सेवा , खानेपानी र सरसफाई तथा लक्षित वर्गसमेतलाई सम्बोधन गर्दै जम्मा **रू. २ करोड ८० लाख** विनियोजन गरेको छु ।

१८. गाउँपालिका स्तरीय भौतिक, सामाजिक, आर्थिक, तथा प्राविधिक शिक्षा लगायत विविध क्षेत्रको विकास तथा विभिन्न कार्यक्रमको व्यवस्थापनका लागि **रू. ८० लाख ४१ हजार** बजेटको व्यवस्था गरेको छु ।

**सम्मानित गाउँसभामा अध्यक्ष महोदय**,

अब म यहाँहरु समक्ष सबै वडाहरु तथा विषयगत शाखामा विनियोजन गरेको बजेटलाई विस्तृत रुपमा जानकारी गराउन चाहन्छु ।

## शाखागत वजेट

| क्र.सं | विषयगत शाखा तर्फ | सीमा रकम |
|---|---|---|
| १. | स्वास्थ्य | ५० लाख |
| २. | शिक्षा | १ करोड ३५ लाख |
| ३. | कृषि | ३५ लाख |
| ४. | पशु | २५ लाख |
| ५. | खानेपानी तथा सरसफाई | १० लाख |
| ६ | महिला तथा बालबालिका (लक्षित वर्ग) | २५ लाख |
| | **जम्मा** | **२ करोड ८० लाख** |

## वडागत वजेट

| क्र.सं | वडा तर्फ | सीमा रकम |
|---|---|---|
| १. | १ नं वडा कार्यालय | १८ लाख |
| २. | २ नं वडा कार्यालय | १८ लाख |
| ३. | ३ नं वडा कार्यालय | ३२ लाख |
| ४. | ४ नं वडा कार्यालय | १८ लाख |
| ५. | ५ नं वडा कार्यालय | २७ लाख |
| ६ | ६ नं वडा कार्यालय | ३५ लाख |
| | **जम्मा** | **१ करोड ४८ लाख** |

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तह कार्यान्वयनमा आए संगै यो गाउँपालिका भोक, रोग, गरिवी, पछ्यौटेपन र आर्थिक सामाजिक विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेको छ । यो प्रयास प्राप्तिका लागि सम्पुर्ण गाउँपालिकावासीहरु एउटै मञ्चमा आबद्ध हुनुपर्ने अवस्था आएको छ। लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समाजबाद उन्मुख अर्थतन्त्र स्थापना गर्न अव सामाजिक आर्थिक क्षेत्रमा फड्को मार्नु पर्ने अवस्था आएको छ । यसका बिच कोरोना महामारीका कारण समग्र विश्व नै आर्थिक रुपमा धरासायी भई सामान्यीकरण भईरहेको अवस्थामा यस गाउँपालिकामा पनि जनताको आर्थिक अवस्था सुदृढ गर्दै  नागिरकको जीवन रक्षा गर्नु मुख्य चुनौतीको रुपमा रहेको छ ।

यस बजेटले स्थानीय स्तरमा कृषि र पशुपालनमा आत्मानिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई पनि दरिलो तुल्याई समृद्ध गाउँपालिका निर्माणका लागि आधार तय गर्ने विषयमा गाउँपालिका आशावादी छ ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी, बुद्धजिवीहरू, पत्रकारबन्धु, महिला अधिकारकर्मी, दलित प्रतिनिधि, युवा क्लब, बाल क्लब, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु । **"समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने यस गाउँपालिकाको नारालाई सार्थक बनाउन सवै गाउँपालिकाबासीको रचनात्मक सहयोगको आशा गर्दछु ।

माता बान्नीगढीले हामी सवैको रक्षा गरुन । धन्यवाद ।

**मिति: २०७९/०३/१०**

**बिन्दु रावल**
**गाउँपालिका उपाध्यक्ष**
**बान्नीगढी जयगढ गाउँपालिका**